# व्यवसाय दर्ता, नवीकरण तथा खारेजी सम्बन्धी कार्यविधि, २०८१

प्रमाणीकरण मितिः २०८१/१२/०५

नवराजपुर गाउँ कार्यपालिकाको कार्यालय नवराजपुर, सिरहा मधेश प्रदेश,नेपाल

**प्रस्तावना :**

गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका तथा सञ्चालन गर्न चाहने व्यापा तथा व्यवसायहरूको दर्ता, नवीकरण, नियमन तथा व्यवसायमैत्री वातावरण निर्माण गर्न, अभिलेख राख्न, व्यापार तथा व्यवसायलाई करको दायरामा ल्याउन नीतिगत व्यवस्था गर्नुपर्ने भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नवराजपुर गाउँकार्यपालिकाको मिति २०८१/१२/०५ बसेको बैठकले व्यवसाय दर्ता, नवीकरण तथा खारेजी सम्बन्धी कार्यविधि, २०८१ बनाई लागु गरेको छ ।

**१. नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम व्यवसाय दर्ता, नवीकरण तथा खारेजी सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,**

(क) "गाउँपालिका" भन्नाले नवराजपुर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले नवराजपुर गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने कर्मचारीलाई सम्झनु पर्दछ ।

(घ) "राजस्व शाखा प्रमुख" भन्नाले यो कार्यविधि बमोजिम राजस्व शाखा हेर्ने जिम्मेवारी पाएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । यो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(च) "शाखा" भन्नाले राजश्व सम्बन्धी शाखा तथा वडा कार्यालयको राजस्व संकलन केन्द्र सम्झनु पर्दछ ।

(छ) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनु पर्दछ ।

(ज) "करदाता" भन्नाले दफा ६ बमोजिम कर तिर्नुपर्ने दायित्व भएका व्यक्ति, फर्म वा संघ/संस्थालाई सम्झनु पर्दछ ।

(झ) "व्यवसायी" भन्नाले व्यापार तथा व्यवसाय सञ्चालन गर्नेगरी गाउँपालिकामा व्यवसाय दर्ता गर्ने व्यक्ति/फर्म/संघसंस्थालाई सम्झनु पर्दछ

शिव उदगार यादव
गा.पा. अध्यक्ष

(ञ) "कर" भन्नाले गाउँपालिकासँग सम्बन्धित र प्रचलित ऐन, नियमावली र यो कार्यविधि बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोबार, क्षेत्रगत एवं व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसाय करहरूलाई सम्झनुपर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, दर्ता, जरिवाना समेतलाई जनाउँछ ।

३. दर्ता गरी व्यवसाय सञ्चालन गर्नुपर्नेः

(१) गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यवसाय सञ्चालन गर्नुअघि यस कार्यविधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

(२) यसअघि स्थापना भै सञ्चालनमा रहेका व्यवसायहरू समेत यसै कार्यविधि बमोजिम दर्ता गर्नुपर्ने छ ।

(३) यसअघि दर्ता भएका व्यवसायहरु यसै कार्यविधि वमोजिम नै दर्ता भएको मानिनेछ ।

४. व्यवसाय सञ्चालनको अनुमति लिनुपर्ने : यसको कार्यलय

(१) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायबाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने प्रावधान भएका पेशा, व्यवसाय, उद्योगधन्दा सञ्चालन गर्नुपूर्व सम्वन्धित निकायबाट अनिवार्य अनुमति लिनुपर्ने दायित्व सम्वन्धित व्यवसायीको हुनेछ ।

(२) यस कार्यविधि बमोजिम गाउँपालिकाको कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा, व्यवसाय,उद्योगधन्दा सञ्चालन गर्ने अनुमति पाएको मानिने छैन ।

५. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने :

नवराजपुर गाउँपालिका क्षेत्र भित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची-१ मा उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा दिन सक्नेछ । यस्तो दरखास्त फाराममा देहायका विवरण तथा कागजातका प्रमाणहरू संलग्न हुनुपर्दछ ।

(क) व्यवसायको नाम

(ख) व्यवसाय रहने ठेगाना

(ग) व्यसायको प्रकृति : उद्योग, व्यापार, सेवा, पेशा आदी

(घ) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु सेवा तथा कामको विवरण

(ङ) स्थिर चालु, पूँजीगत लगानी

(च) व्यवसायीको नाम, ठेगाना र बाबुको नाम, बाजेको नाम (तीन पुस्ते विवरण)

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

शिव उदगार यादव
गा.पा. अध्यक्ष

CamScanner

(छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम, जग्गाधनी पुर्जा प्रतिलिपी, बहालमा भए बहाल सम्झौता को प्रतिलिपि, चालु आ.व. सम्मको कर तिरेको रसिद

ज) समय समयमा गाउँपालिकाले तोकिदिएको अन्य विवरणहरू

(झ) व्यवसायीको नागरिकताको प्रतिलिपी

(ञ) अन्यत्र व्यवसाय दर्ता र इजाजत प्राप्त भएको भए सोको विवरण तथा इजाजत र दर्ता प्रमाणपत्रको प्रतिलिपी

(ट) वडा कार्यालयको सिफारिस

(ठ) भारतीय नागरिक भए भारतीय नागरिकताको प्रतिलिपि वा आधार कार्डको प्रतिलिपि

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ समेत गरी चालु आर्थिक वर्षको आर्थिक ऐनमा तोकिए वमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरू लिई व्यवसाय दर्ता गर्नेछ । सिलीच

(३) माथि उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-२ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेखगरी निवेदकलाई अनुसूची- ३ को ढाँचामा व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ ।

(४) कुनै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एकभन्दा बढी स्थानमा व्यवसाय सञ्चालन गर्नुपर्ने भएमा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक छुट्टाछुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

६. कर बुझाउने दायित्व :

(१) कर बुझाउने दायित्व यस कार्यविधिको दफा व्यवसाय दर्ता गरेको व्यक्ति, फर्म वा निजले तोकेको प्रतिनिधिको हुनेछ ।

(२) कुनै व्यवसाय एक भन्दा बढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै पनि व्यक्तिलाई कर बुझाउन बाध्य गर्न सकिनेछ ।

७. व्यवसाय नवीकरण गर्नुपर्ने

दफा ५ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको ३ महिना भित्र वार्षिक कर तिरी प्रत्येक आर्थिक बर्षको लागि नवीकरण गर्नु पर्नेछ ।

८. व्यवसाय दर्ता तथा नवीकरण शिविर सञ्चालन गर्न सकिने :

(१) दफा ५ बमोजिम दर्ता हुने तथा दफा ६ बमोजिम नवीकरण गर्नुपर्ने प्रयोजनका लागि कार्यालयले स्थानीय आवश्यकता र औचित्यका आधारमा वडा कार्यालय वा व्यवसायीलाई पायक पर्ने स्थानमा व्यवसाय दर्ता तथा नवीकरण शिविर सञ्चालन गर्न सकिनेछ।

नवराजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नवराजपुर, सिरहा मधेश प्रदेश नेपाल

शिव उदगार यादव
गा.पा. अध्यक्ष

CamScanner

(२) गाउँपालिकाबाट व्यवसाय कर टोली खटाइएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय दर्ता तथा प्रमाणपत्र नवीकरण गर्न सकिनेछ ।

(३) व्यवसाय दर्ता तथा नवीकरणका लागि गाउँपालिकामा क्रियाशील व्यवसायिक तथा पेशागत संघ- संस्थाहरूसँग सहयोग लिइनुका साथै यस कार्यमा गाउँ प्रहरी परिचालन गर्न सकिनेछ ।

९. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने

(१) दफा ५ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरूमध्ये केही कुरा हेरफेर गर्नुपर्ने जानकारी कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरे वापत आर्थिक ऐन वमोजिम दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति, कारोबार गर्ने वस्तु तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दर भन्दा बढी लाग्ने भएमा सो फरक कर रकम समेत असुल गर्नु पर्नेछ ।

१०. साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्ने

(१) एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्वन्धित कार्यालयले आवश्यक जाँचवुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी आर्थिक ऐनमा उल्लेख भएवमोजिम दस्तुर समेत लिई साझेदार थपघट गरिदिनु पर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमा कार्यालयको राजस्व वा प्रशासन शाखाले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिस प्राप्त भएको ठाउँ सारी हुने वडा कार्यालयले व्यवसाय दर्ता विवरणमा ठाउँ सारी जनाई साविकको कार्यालयमा ठाउँसारीको जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम ठाउँसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत किताबमा ठाउँसारी जनाई लगत खारेज गर्नु पर्नेछ ।

शिव ... गा.पा. अध्यक्ष

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम ठाउँसारी गर्न चाहने करदाताले ठाउँसारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचबुझ गरी आर्थिक ऐन बमोजिम दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत सुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस कार्यविधि बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

## ११. कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्ने :

(१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएका पेशा, व्यवसाय सञ्चालन गर्दा सामाजिक सदाचार कायम कार्यालयले दिने निर्देशनको व्यवसायीको हुनेछ । राख्नु पर्नेछ। यस सम्बन्धमा तना गर्ने गराउने दायित्व सम्बन्धित

## १२. व्यवसाय दर्ता खारेज गर्न सकिने :

(१) यस कार्यविधि बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

२) उपदफा (१) बमोजिम निवेदन पर्नुभन्दा अघिसम्म व्यवसाय संचालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(३) ऐन, नियमावली र यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय बन्द गर्न चाहेमा मुनासिब कारण खोली व्यवसायीले सम्बन्धित वडा कार्यालयमा निवेदन दिन पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरि चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि गाउँपालिकामा सिफारिस सहित पठाउनु

शिव उदगार यादव
पा. अध्यक्ष

CamScanner

पर्नेछ । गाउँपालिकाले कागजात अध्ययन गरी आर्थिक ऐन बमोजिम दस्तुर लिई लगत कट्टा गरिदिनु पर्नेछ ।

(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा सञ्चालन गरेमा वा व्यवसाय सञ्चालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह व्यवसायीबाट असुल गर्नेछ ।

(६) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

**१३. जरिवाना तथा थप दस्तुर लाग्ने :**

(१) कार्यविधिमा तोकिएको समयभित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागि आर्थिक ऐन बमोजिम जरिवाना लिई असुल उपर गरिनेछ ।

(२) एक आर्थिक बर्ष समाप्त भएपछि पनि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको वार्षिक गाउँपालिकाको आर्थिक ऐनले निर्दिष्ट गरे अनुसारको दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ ।

**१४. प्रतिलिपि दिन सक्नेः**

व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, काम नलाग्ने वा नाम संशोधन नामसारी र यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी गाउँपालिकाको आर्थिक ऐनले निर्दिष्ट गरे अनुसारको दरले प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**१५. व्यवसाय सञ्चालन नभएको सिफारिस दिन सक्ने :**

प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसाय संचालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो व्यहोरा प्रमाणित भएमा आर्थिक ऐन बमोजिम दस्तुर लिई माग बमोजिमको व्यहोरा सिफारिस उपलब्ध गरा सकिनेछ ।

**१६. व्यवसाय दर्ता / नवीक नगरी सञ्चालन गरेमा कारबाही हुने :**

शिव उदगार यादव
गा.पा. अध्यक्ष

(१) प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरेको पाइएमा वडा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्न पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले ३५ दिनभित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका व्यवसायिक सेवा सुविधाहरू बन्द गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि ३ महिनाभित्र पनि व्यवसाय दर्ता नवीकरण नगरी व्यवसाय सञ्चालन गरेमा

नियमनकारी निकायको सहयोगमा वा व्यवसायको प्रकृति हेरी गाउँपालिका कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय बन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।

**१७. प्रोत्साहन र सहजीकरण सम्बन्धी व्यवस्था :**

कृषिजन्य उद्योग सञ्चालन गर्ने, स्थानीय बासिन्दालाई रोजगारी प्रदान गर्ने, स्थानीय उत्पादनलाई बजार प्रदान गर्ने, लक्षित वर्ग (एकल महिला, महिला, सीमान्तकृत, उत्पीडित, विपन्न साथै युवा) लाई उद्यमशीलता प्रवर्द्धनको लागि अनुदान प्रदान गर्न सकिनेछ । यस्ता अनुदान तथा सहुलियतका लागि वार्षिक नीति तथा कार्यक्रममा समेटी आवश्यक बजेट विनियोजन गरिनेछ ।

**१८. श्रमिक सम्बन्धी व्यवस्था:**

उद्योग/व्यवसायले नेपालको प्रचलित श्रम ऐन तथा श्रमसँग सम्बन्धित प्रचलित नियम कानूनको पूर्ण पालना गर्नुपर्नेछ । अन्यथा हुन गएको उजुरी वा जानकारी आएमा आवश्यक कारवाही गरिनेछ ।

**१९. बातावरण तथा भौगोलिक प्रभाव:**

खानी उत्खनन, रासायनिक पदार्थ उत्पादन तथा प्राकृतिक श्रोत साधन प्रयोग गरि सञ्चालन गरिने उद्योग सञ्चालन पूर्व अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्याङ्कन गरि विज्ञको सिफारिस बमोजिम अनुमति दिने वा नदिने अधिकार गाउँपालिकासँग निहित रहनेछ । साथै गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण उद्योग व्यवसायले आफुले उत्पादन गरेको फोहोर, प्रदुषण व्यवस्थापन गर्ने जिम्मेवारी लिनुपर्नेछ ।

**२०. उद्योग तथा व्यवसायको सामाजिक उत्तरदायित्व :**

शिव उदगार यादव
गा.पा. अध्यक्ष

व्यवसायीले नाफाको प्रचलित कानून बमोजिम तोकिएको अंश सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्याई गाउँपालिकाभित्र सामाजिक सेवामा खर्च गर्नु पर्नेछ। कार्यालयले स्थानीय आवश्यकता र औचित्यका आधारमा व्यवसायीलाई सामाजिक उत्तरदायित्व शीर्षकमा छुट्याइएको रकम खर्च गर्ने क्षेत्र तोक्न सक्नेछ । सामाजिक सेवामा गरिएको खर्चको विवरण कार्यालयमा उपलब्ध गराउने दायित्व व्यवसायीको हुनेछ

२१ . मूल्य निर्धारण, सेवा तथा उत्पादनको गुणस्तर मापद अनुगमन :

कालोबजारी, गुणस्तरहीन सेवा वा वस्तु तथा म्याद गुज्रिएका वस्तुको बिक्री वितरण, अधिक मूल्यमा कारोबार तथा आफूखुशी मूल्य वृद्धिलाई दण्डनीय ठहर गरिनेछ । गुणस्तर र मूल्य निर्धारणको लागि संघ वा प्रदेश तहका प्राविधिक र संस्थागत जिम्मेवार निकायको नीति तथा मापदण्डलाई समेत श्रोतको रुपमा प्रयोग गरिनेछ। अनुगमन तथा मूल्याङ्कन गर्न विज्ञ, उपभोक्ता प्रतिनिधि, जनप्रतिनिधि, व्यवसायी, सुरक्षा निकाय सम्मिलित वजार अनुगमन समितिले काम गर्नेछ ।

२२. वडा कार्यालयले अभिलेख राख्नुपर्ने :
आफ्नो वडाभित्र सञ्चालनमा रहेका व्यापार, व्यवसायको अभिलेख अनुसूची ४ बमोजिमको ढाँचामा अद्यावधिक राखी त्यसको विवरण गाउँपालिकाको कार्यालयमा उपलब्ध गराउनुपर्ने दायित्व सम्वन्धित वडा कार्यालयको

२३. अधिकार प्रत्योजन गर्न सकिने :

यस कार्यविधि कार्यन्वयनको लागि प्रमुख प्रशासकीय अधिकृतले मातहतका अन्य अधिकृत तथा वडा सचिवलाई व्यवसाय दर्ता, नवीकरण तथा खारेजी सम्वन्धी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२४. बाधा अड्काउ फुकाउने अधिकार:
(१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ ।
२) प्रचलित ऐन, नियम र यस कार्यविधिको मूलभूत कुरालाई असर नपर्ने गरी उपदफा (१) बमोजिमको बाधा फुकाउने अधिकारको प्रयोग गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

शिव उदगार यादव
गा.पा. अध्यक्ष

अनुसूची - १
कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित
व्यवसाय दर्ता/नविकरण निवेदन फारम

मान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
राजपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
राजपुर, सिरहा।

विषय : व्यवसाय दर्ता/नविकरण सम्बन्धमा ।

ले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता/नविकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौं । नियम ने कर बुझाउनुका साथै गाउँपालिकाबाट समयसमयमा दिईने आदेश/निर्देशन समेत पालन गर्न मंजुर छु/छौं । साथै मैले / हामी को कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून वमोजिम कारबाही भएमा मंजुर छु/छौं ।

. व्यवसायीको नाम, थर : ..........................................................................
(फर्म कम्पनी को हकमा मुख्य व्यक्तीको नाम )
. स्थायी ठेगाना... .....................जिल्ला.........................गा.पा./न.पा.........................वडा नं............ मार्ग.............घर नं. ........
बाबुको नाम थर :..............................................................................
व्यवसाय रहने स्थानको ठेगानाः वडा नं ........................... मार्ग ....................... घर नं. ....................
सम्पर्क नं ............................................ इमेलः.....................................................
भाडामा भएको भए व्यवसाय रहने घर र जग्गा धनीको नाम, थर .....................................................................................
. ठेगाना.......................... ..वडा नं. ............................... घर नं. ...........................
व्यवसायको विवरण / प्रकृति : ........................................
पूजीगत लगानी रु.......................................
०. फर्म/कम्पनीको नामः ......................................
१. परिचय पाटिको साइज : लम्वाई.. ...................... चौडाई................. वर्गफिट ......।
२. अन्यत्र दर्ता भएको भए, दर्ता नं.................... ./कार्यालयः. .........................
३. संलग्न गर्नुपर्ने कागजातहरुः
आफ्नै घर जग्गा भए जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि -१, भाडामा वस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको बहाल सम्झौतापत्र गरिकता प्रमाणपत्रको प्रतिलिपि-१, विदेशी नागरिकको हकमा नेपालस्थित राजदूतावासबाट व्यवसायीको नाममा जारी कागजात - १, व्यवस लसालैको पासपोर्ट साईजको फोटो- २ प्रति · फर्म कम्पनी भएमा दर्ता इजाजत प्रमाणपत्र र आन्तरिक राजस्व कार्यालयमा अघिल्लो आ.व. सम्मको रेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

............................
वेदकको दस्तखत
मिति..............................

कार्यालय प्रयोजनको मात्र :

बिदन दस्तुरः......................दर्ता दस्तुर....................व्यवसाय कर .....................

रिचय पाटी दस्तुर..................... जरिवाना................... जम्मा ..................

व्यवसाय प्रमाणपत्र नं. ................................
मिति...............................

| | | |
|---|---|---|
| .................... | .................................. | .................... |
| श गर्ने | ठीक छ भनि प्रमाणित गर्ने | स्वीकृत गर्ने |

नवराजपुर ... गाउँ कार्यपालिका ...

शिव उदगार यादव
... अध्यक्ष

# अनुसूची - २

## कार्यविधिको दफा ५ को उपदफा (३) सँग सम्वन्धित

## नवराजपुर गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## नवराजपुर, सिरहा

## मधेश प्रदेश, नेपाल

### पेशा/व्यवसाय दर्ता किताब को नमुना

व..................................

| दर्ता मिति | दर्ता नं. | संचालन मिति | कोड | संचालक वा मुख्य व्यक्तिको नाम | फोटो | ठेगाना | वडा नं. | घर न. | फोन नं. | व्यवसायको किसिम | कुल पुँजी | श्रेणी | अफ्नो वा बहाल | प्रमानित गर्नेको सहि | नविकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | |

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा

शिव उदगार यादव
गा.पा. अध्यक्ष

अनुसूची - ३

कार्यविधिको दफा ५ को उपदफा (३) सँग सम्बन्धित

नवराजपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

...... नं वडा कार्यालय

.................,सिरहा,

मधेश प्रदेश, नेपाल

## व्यवसाय दर्ता प्रमाण-पत्र

...राजपुर गाउँपालिक व्यवसाय दर्ता, नविकरण तथा खारेजी सम्बन्धी कार्यविधि, २०८१ को दफा-५, उपदफा-३ सँग ...म्बन्धित अनुसूची-३ वमोजिम यो प्रमाण-पत्र दिईएको छ ।

नं.　　　　　　　　　　दर्ता मितिः

व्यवसायको नामः-

व्यवसायको प्रकृतिः-

व्यवसाय संचालन शुरु मितिः-

व्यवसाय रहने स्थानः-

व्यवसायीको नाम थरः-

व्यवसायीको ना.प्र.नं./ जारी गर्ने जिल्ला/जारी मितिः-

बाबुको नामः-

बाजेको नामः-

व्यवसायीको स्थायी वा अस्थायी ठेगानाः-

...) व्यवसाय रहने घर/जग्गाधनीको नामः-

...) व्यवसाय लगानी गरेको पुँजी रकमः-

सञ्चालकको फोटो

दाँया　　बाँया

| ...................... | ...................... | ...................... |
|---|---|---|
| सञ्चालक | तयार गर्ने | जारी गर्ने<br>नाम थरः<br>पदः |

- -प्रत्येक आर्थिक वर्षको लागि तोकिएको वार्षिक कर उक्त आ.व. को ३ महिना भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नुपर्नेछ ।
- व्यवसाय गरि आएको स्थान परिवर्तन गर्नु परेमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट पूर्व स्वीकृती लिनुपर्नेछ ।

शिव उदगार यादव
गा.पा. अध्यक्ष

- -व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले सम्बन्धित वडाकार्यालयको सिफारिसमा कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिबार्य रुपमा लिनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ ।
- -यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ । गाउँपालिकाको कर्मचारीले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्दछ ।
- -कुनै पनि किसिमको व्यवसायिक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन। यदि सो गरेको पाइएमा प्रचलित कानून वमोजिम कारबाही गरि व्यवसाय खारेजी समेत गर्न सकिनेछ
  - व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायीको हुनेछ ।
  - व्यवसाय संचालनको सिलसिलामा गाउँपालिकाबाट समयसमयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।
- -उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्ध गरि व्यसाय बन्द समेत गर्न सक्नेछ ।
- यो प्रमाणपत्र नवराजपुर गाउँपालिकाको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो ।
- कुनै पेशा वा व्यवसाय प्रचलित कानून वमोजिन कुनै निकायबाट अनुमती लिएर मात्र संचालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र संचालन गर्नुपर्नेछ ।

शिव उदगार यादव
गा.पा. अध्यक्ष

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

अनुसूची ४

कार्यविधिको दफा २२ सँग सम्बन्धित

नवराजपुर गाउँपालिका

..नं वडा कार्यालय

...........,सिरहा,

मधेश प्रदेश, नेपाल

मा रहेका व्यवसायको विवरण

| स. | व्यवसायीको नाम | व्यवसाय/फर्मको नाम | ठेगाना | सम्पर्क नं. | दर्ता नविकरण भए/नभएको (आर्थिक वर्ष समेत उल्लेख गर्ने) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश नेपाल

शिव उदगार यादव
गा.पा. अध्यक्ष